**24th -09-2025**

**यो आकाशवाणी गान्तोक हो**

**सिक्किमका राज्यपालसँग**

केन्द्रीय कृषि विश्वविद्यालय (CAU), इम्फालका उप कुलपति डा. अनुपम मिश्राले आज राज्यपाल ओमप्रकाश माथुरलाई राजभवनमा शिष्टाचार भेट गर्नुभयो। भेटका क्रममा उहाले नाम्ची जिल्लाको बर्मीओकस्थित कलेज अफ होर्टिकल्चरमा सम्पन्न प्रशासकीय तथा शैक्षिक भवनको उद्घाटन र वार्षिक जोनल कार्यशाला 2025 मा सहभागी हुन राज्यपाललाई आमन्त्रण गर्नुभयो। उद्घाटनको कार्यक्रम भोलि आयोजना हुनेछ।

डा. मिश्राले विश्वविद्यालयले कृषि तथा बागवानी शिक्षामा गरेको प्रगति र राज्यमा सञ्चालन भइरहेका अनुसन्धान तथा विस्तार गतिविधिबारे जानकारी पनि गराउनुभयो । राज्यपालले विश्वविद्यालयलाई क्षेत्रीय कृषि चुनौती समाधान र किसान समुदाय सशक्तीकरणमा सक्रिय रहन सुझाव दिनुभयो।

**मङ्गन जिल्ला अस्पताल**

उत्तर सिक्किमको स्वास्थ्य सेवाको एक महत्वपूर्ण आधारस्तम्भ, मङ्गन जिल्ला अस्पताल अब पुनर्निर्माण भएर नयाँ स्वरूपमा सञ्चालनमा आएको छ। यस अत्याधुनिक र भूकम्प प्रतिरोधी जिल्ला अस्पतालको आज मुख्यमन्त्री प्रेमसिंह तामाङले उत्तर सिक्किमका जनताका लागि समर्पित गर्नुभयो। उद्घाटन समारोहमा बोल्दै मुख्यमन्त्री तामाङले नवनिर्मित जिल्ला अस्पतालले उत्तर सिक्किमका जनताको स्वास्थ्य सेवाको आवश्यकतालाई पूर्ण रूपमा पूर्ति गर्ने विश्वास व्यक्त गर्नुभयो। स्वास्थ्य विभागका सचिव छिवाङ ग्याछो भोटियाका अनुसार, यो अस्पताल आधुनिक इन्जिनियरिङ र सार्वजनिक सुरक्षाको उत्कृष्ट उदाहरण भएको बताउनुभयो। उहाले यो अस्पताललाई अत्याधुनिक भूकम्प प्रतिरोधी प्रविधिबाट निर्माण गरिएको जानकारी दिनुभयो। 2011 र 2015 को भूकम्पले पुरानो जिल्ला अस्पतालको भवन पूर्ण रूपमा क्षतिग्रस्त भएपछि उत्तर सिक्किमका जनताको स्वास्थ्य सेवामा पुगेको बाधालाई मध्यनजर राख्दै यसको पुनः निर्माण गरिएको हो। 29.06 करोड रुपैयाँको लागतमा निर्माण गरिएको यस परियोजनामा आधुनिक पूर्वाधारहरू समावेश गरिएका छन्। पुन: डिजाइन गरिएको अस्पतालमा विस्तारित विभागहरू, सुव्यवस्थित बिरामी प्रवाह, र राष्ट्रिय स्वास्थ्य सेवा मापदण्ड अनुरूप उपचार क्षमता समावेश रहेको सचिव भोटियाले बताउनुभयो। नवनिर्मित भवनको भुइँतल्लामा रिसेप्शन क्षेत्र, फार्मेसी, फिजियोथेरापी युनिट, सीटी स्क्यान, डिजिटल र परम्परागत एक्स-रे, र अल्ट्रासोनोग्राफी जस्ता इमेजिङ सेवाहरू उपलब्ध हुनेछन्, भने मेडिसिन, ईएनटी, डेन्टल, पेडियाट्रिक्स, र अर्थोपेडिक्स लगायत 10 भन्दा बढी सेवा प्रभागहरू सञ्चालनमा रहने छन्।

**'सेवा पर्व' – वेभ्स (WAVES)**

प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत सरकार 'सेवा र सुशासन' को मन्त्रसहित निरन्तर रुपान्तरण र प्रगतिका लागि सक्रिय छ।

श्रोता, आजको विशेष शृङ्खला 'सेवा पर्व' अन्तर्गत हामी तपाईहरुलाई जानकारी दिनेछौं की कसरी मोदी सरकारले सिर्जनशीलता र प्रविधिको उपयोग गर्दै विश्व अडियो–भिजुअल तथा मनोरञ्जन शिखर सम्मेलन (WAVES) मार्फत भारतलाई सञ्चार–माध्यम र मनोरञ्जनको विश्व केन्द्र बनाउन पहल गरिरहेको छ

**सिक्किम राज्यका भाजपा आध्यक्ष**

सिक्किमका भाजपा अध्यक्ष. डी.आर. थापाले आज नयाँ दिल्लीमा सडक तथा राजमार्गमन्त्री नितिन गडकरीसँग भेट गरी राज्यका पूर्वाधार र यातायातसम्बन्धी चुनौतीबारे ध्यानाकर्षण गराउनुभयो। उहाले 2023 को GLOF र पहिरोले क्षतिग्रस्त बनाएको राष्ट्रिय राजमार्ग–10 को पुनर्निर्माण, सिँगताम–सिवोक वैकल्पिक मार्ग निर्माण र ढलान स्थिरीकरणलाई तत्काल प्राथमिकतामा राख्न आग्रह गर्नुभयो।

श्री थापाले उत्तर सिक्किमको सम्पर्क बहालीमा जोड दिँदै 14 वटा पुल नष्ट भएपछि चुङथाङ, लाचेन, लाचुङ र जंगु जस्ता क्षेत्र संकटमा परेको कारण पर्यटन र जनजीवन प्रभावित भएको बताउनुभयो। उहाले दिगो सडक पुनर्निर्माणका लागि NHIDCL र BRO को सक्रियता आवश्यक भएको उल्लेख गर्नुभयो। उहाले गन्तोकमा बढ्दो ट्राफिक जामलाई ध्यानमा राखी रिङ रोड निर्माणको प्रस्ताव राख्नुभएको छ। केन्दीय मन्त्री गडकरीले केन्द्र सरकार समस्या समाधानमा प्रतिबद्ध रहेको र आवश्यक परियोजनाहरू अघि बढाइने बताउनुभएको छ।